
# काठमाडौं महानगरपालिका



Dharahara - 1911 A.D.　　Ghantaghar - 1915 A.D.

विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा निर्देशिका २०७०

## प्रस्तावना

काठमाडौ महानगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ नियमावली २०५६ र विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ को मार्गनिर्देशन एवं अन्य प्रचलित कानुनहरूले यस महानगरपालिकालाई तोकेको जिम्मेवारीमुताविक विपद् जोखिम न्यूनीकरण मुलप्रवाहीकरणमा नगरस्तरीय आवधिक योजना र विपद्का सूचनाको व्यवस्थापन जस्ता कामका साथै पहिलो प्रतिकार्यकर्ता (First Responder) को भूमिका निर्वाह गर्नु पर्दछ । त्यसैले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७६ ले दिएको अधिकार प्रयोग गरी काठमाडौ महानगर परिषदको मिति २०७० असार २९ गतेको २२ औ नगरपरिषद बैठकले यस निर्देशिकालाई स्विकृत गरी कार्यन्वयनमा ल्याएकोछ ।

बि .सं. १९९० सालको महा भुकम्प र २०४५ सालको भुकम्प लगायत आगजनी, बाढी पहिरो, सुख्खा तथा आकस्मिक विपद् जस्ता विपदबाट भएको धन तथा जनको क्षतिबाट पाठ सिक्दै , क्षतिलाई न्युनीकरण गरी आम नागरिकमा सुरक्षा अनुभुति दिलाउन यस निर्देशिकाको कार्यन्वयन गरिनेछ ।

## उद्देश्य

**काठमाडौ महानगर क्षेत्र सहित काठमाडौ उपत्यका भुकम्पीय जोखिम थुक्त क्षेत्र भित्र रहेको परिप्रेक्षमा नागरिक सुरक्षा प्रमुख चासोको विषयका रुपमा रहन आउदछ । यसै तथ्यलाई मनन गरी काठमाडौ महानगरपालिकाले महानगर क्षेत्र भित्र भुकम्प लगायतका विपदबाट हुन सक्ने क्षतिलाई न्युनीकरण गर्न पुर्व तयारी तथा सचेतना मुलक सहित विपद अबस्थामा गर्नु पर्ने कार्यहरुलाई ब्यबस्थापन गर्ने हेतुले यो निर्देशिका लागु गरिएको हो । यस निर्देशिकाले यसका अतिरिक्त देहायको प्रमुख उद्देश्य राखेकोछ ।**

१) विपद् जोखिम न्यनीकरणलाइ दिगो विकासका महानगरका रणनीतिहरू तथा योजना तजुर्म ामा एकीकरण गर्ने,

२) विपद्हरूमा परेकाहरुलाई जीबन स्तर उकास्नकालागि संस्था, संयन्त्र तथा क्षमताहरूको विकास तथा सुदृढीकरण गर्ने,

३) जोखिम न्यूनीकरणसम्बन्धी अवधारणाहरूलाई आपतकालीन पूर्व-तयारी (Preparedness), प्रतिकार्य गर्ने । (Response) तथा पुर्नलाभ (Recovery) सम्बन्धी कार्यक्रममा व्यवस्थित रूपमा समावेश गर्ने ।

४) विपद् जोखिम न्यूनीकरण काठमाडौ महानगरपालिकाको प्राथमिकता हुने र यसको कार्यान्वयनका लागि सशक्त संस्थागत व्यवस्था सुनिश्चित गर्ने,

५) विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व-चेतावनी प्रणाली सुदृढ गर्ने,

६) सबै तहमा सुरक्षित संस्कृति एवं उत्थानशीलताको विकास गर्न ज्ञान, नवीनतम सोच र शिक्षाको उपयोग गर्ने,

७) व्याप्त जोखिमका कारक तत्व हरूलाई न्यनू गर्ने, र

८) प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीलाई सशक्त बनाउने ।

**संक्षिप्त नाम र प्रारम्भ**

**"निर्देशिकाको नाम"** विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा निर्देशिका २०७० हुनेछ ।

**"प्रारम्भ"** : काठमाडौ महानगरपालिका नगर परिषदबाट वा प्रत्यायोजित अधिकार अनुसार स्वीकृत गरेको मिति देखि तुरुन्त प्रारम्भ हुन्छ ।

"**ऐन भन्नाले** " : स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई बुझाउदछ ।

"**नियमावली भन्नाले** " : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई बुझाउदछ ।

"**परिषद** " : काठमाडौ महानगरपालिकाको नगरपरिषदलाई बुझाउदछ ।

"**रणनीति भन्नाले** " : विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ लाई बुझाउदछ ।

"**का.म.पा. भन्नाले** " : काठमाडौ महानगर पालिका लाई बुझाउदछ ।

"**महानगरीय समिति भन्नाले** ": महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति लाई बुझाउदछ ।

"**वडा स्तरीय समिति भन्नाले** ": वडा विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति लाई बुझाउदछ ।

# खण्ड (क)

## विपद् व्यवस्थापन सम्बन्धि संगठन संरचना

महानगर परिषद

काठमाडौ महानगरपालिका

प्रमुख

महानगरपालिका विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति

वडा स्तरीय विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति

स्वंयम सेवक समुह

**काठमाडौ  महानगर परिषद्को विपद् व्यवस्थापन सम्बन्धि काम-कर्तव्य निम्नबमोजिम हुनेछन्**

क ) विपद् जोखिम व्यवस्थापनसम्वन्धी नीति, निर्देशिका तथा मादण्डहरूको स्वीकृत,अनुमोदन,संशोधन वा खारेज गर्ने,

ख ) विपद् जोखिम व्यवस्थापनसम्बन्धी योजना तथा यस्तै क्षेत्रगत दीर्घकालिन योजनाहरू स्वीकृत गर्ने,

ग) विपद् जोखिम न्यूनीकरण, पूर्व-तयारी, सहयोग तथा पुनर्लाभ (recovery) का लागि आर्थिक स्रोतको व्यवस्था मिलाउने तथा रेखदेख गर्ने,

घ ) विपद् जोखिम व्यवस्थापनका क्षेत्रहरूमा द्विपक्षीय, उपक्षेत्रीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोगका लागि नीतिगत निदर्शे न दिने ।

***काठमाडौं महानगरपालिकाले विपद् व्यवस्थापनका सम्बन्धमा देहायका कार्यहरु गर्नेछ ।***

(क) विपद् व्यवस्थापनसम्बन्धी स्वीकृत नीति, योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने,गराउनेछ ।

(ख) वडा स्तरीय कार्यक्रमहरूलाई समेत समेटी समितिबाठ पेश भै आएका योजनाहरूलाई आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृति प्रदान गर्ने र सोको कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

(ग) सम्बन्धित वडा स्तरीय समितिबाट प्राप्त प्रतिवेदन अनुसार विपद् सम्भाव्यक्षेत्र घोषणा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) विपद्बाट बृहद् रूपमा प्रभावित क्षेत्रलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ङ) विपद्सम्बन्धी सम्पर्णू विवरणहरू सङ्कलन गर्ने गराउने, नदी नियन्त्रण, बाढी, पहिरो, भकूम्प, भ-ू मण्डलीय उष्णीकरण, हावापानी परिवतर्न , भ-ू उपयोग आदि विभिन्न विषयहरूमा अनुसन्धान गर्ने गराउने र विपद् सम्बन्धी महानगरीय स्रोत संस्थाको रूपमा कार्य गर्ने,

(च) कुनै पनि किसिमका विपद्बाट हुनसक्ने धनजनको क्षतिलाई न्यून गर्न पूर्वचेतावनी प्रणालीको व्यवस्था गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका विभिन्न चरणहरूमा कार्य गर्न आवश्यकता अनुसारे कार्यदल गठन गरी कार्य गर्ने, गराउने,

(ज) विपद् जोखिम अल्पीकरणसम्बन्धी कार्ययोजना निर्माण एवं कार्यान्वयनका साथै सबै सम्वन्धित निकाय बीच समन्वय र सहकार्यको अनुगमन एव ं निरीक्षण गर्ने, गराउने,

(झ) व्यावहारिक तथा सामयिक नीतिगत व्यवस्था गरी विपद् पीडितहरूलाई उद्धार तथा राहत प्रदान गर्ने,

(ञ) विपद् व्यवस्थापनसम्बन्धी औपचारिक एवं अनौपचारिक शिक्षा, तालिम, प्रचार, प्रसार, प्रकाशन, सचेतना, विपद्को सामनासम्बन्धी पूर्वाभ्यास जस्ता कार्यहरू गर्ने, गराउने,

(ट) उद्धार तथा राहत कायर्का लागि स्थानीय विपद् उद्धार समूह गठन गर्ने र सामुदायिक स्वयंसेवक तयार गरी संलग्न गराउने,

(ठ) विपद् व्यवस्थापन कार्यमा प्रभावकारिता ल्याउन अन्तर्राष्ट्रियस्तरका द्विपक्षीय, बहुपक्षीय, सरकारी एवं गरै सरकारी निकायहरूसगँ को सम्पर्क, समन्वय र सहकायर्मा अभिवृद्धि गनर्क ा लागि आवश्यक कार्य गर्ने, गराउने,

(ड) मुलुकभित्र वा बाहिरबाट विपद् व्यवस्थापनका लागि सरकारी, गैरसरकारी वा व्यक्तिगत तवरबाट प्राप्त नगद वा वस्तुगत सहयोगहरू नियमानुसार प्राप्त गरी सोको परिचालन गर्ने, गराउने,

(ढ) विपद् व्यवस्थापन सम्बन्धि विपद् व्यबस्थापन तथा नागरिक सुरक्षा कोष गठन गरी छुट्टै खाता खोली सन्चालन गर्ने,

(ण) बृहद् प्रभाव पार्ने विपद्सम्बन्धी विवरणहरू सार्वजनिक जानकारीका लागि तत्काल उपलब्ध गराउनाका साथै आफूले गरेका सम्पूर्ण काम कारवाही एवं लेखापरीक्षण सहितको आर्थिक विवरणहरू वार्षिक रूपमा सर्वसाधारणको जानकारीका लागि प्रकाशित गर्ने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा आवश्यक कार्य गर्न समिति तथा वडा विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समितिहरूलाई निर्देशन दिने,

(थ) नगर एवं स्थानीयस्तरका समितिहरूमार्फत सम्भावित विपद्को सामना गर्नका लागि सङ्कटकालीन पवू र्तयारी योजनाहरू तजर्मु ाको सुनिश्चितता गर्ने,

(द) सङ्कटकालीन व्यवस्थापन केन्दक ो स्थापना गर्न ेतथा अन्य निकायहरूलाइ ेपनि सो अनरू ु प स्थापना गर्न प्रोत्साहन गर्ने,
(ध) विपद् व्यवस्थापनसम्बन्धी उदाहरणीय कार्य गर्ने उत्कृष्ट व्यक्ति वा संस्थाहरूलाई बर्सेनि प्रोत्साहनस्वरूप सम्मान तथा पुरस्कार दिने, दिलाउने,
(न) आवश्यकता अनुसार विशेषज्ञ समितिहरूको गठन गरी कार्य गर्ने, गराउने,
(प) स्थानीय विकास र शहरी विकास मन्त्रालयलाई आवश्यकता अनुसार सुझाव दिने,
(फ) विपद्को पूर्वतयारी, न्यूनीकरण उद्धार तथा राहत, पुनरुत्थान, पुनर्स्थापना एवं पुनर्निर्माण अवस्थामा गर्नुपर्न ेसब ैकाम गर्न ेर यस सम्बन्धमा नेपाल सरकारले तोकेका अन्य आवश्यक सबै कार्य ेगर्ने, गराउने,

*यस क्षेत्रका प्रमुख विपदका प्रकारहरु*

## प्राकृतिक विपद् (Natural Disaster)

काठमाडौं महानगरपालिका क्षेत्रमा आगजनी बाढी, पहिरो, भूकम्पको कारणबाट उत्पन्न हावा-हुरी तथा असिना, मुसल्धारे वर्षा, सुख्खा, अनिकाल जस्ता विविध प्रकृतिका प्रकोपका घटनाहरूबाट संकटासन्न अवस्थामा रहेको छ । यसका अतिरिक्त महामारी, औद्योगिक दुर्घटना, विस्फोटन, सडक दुर्घटना तथा विषालु पदार्थसँग सम्बन्धित विपद्का घटनाहरू पनि हुने गरेको पाइन्छ । यसरी वर्सेनि प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाहरूको सामना गरिरहनु परेको छ ।

## १. भूकम्प (Earthquake)

नेपाल सामान्यतया बारम्बार दोहोरिइरहने भूकम्पको उच्च जोखिमको स्केल MMI IX र XI मा परेबाट नेपालको सम्पूर्ण भूभाग भूकम्प जाने संभावित क्षेत्रभित्र पर्दछ । नेपालको भूकम्पीय जोखिम क्षेत्रको नक्साको आधारमा नेपाललाई तीन भागमा बाँडिएको छ । उक्त नक्सा अनुसार यी भागहरू उत्तरतर्फबाट पश्चिम-दक्षिण, दक्षिण-पूर्वी दिशातर्फ फैलिएका छन् र नेपालको उत्तरी तथा दक्षिणी भूभागभन्दा मध्य भूभाग भूकम्पको बढी जोखिममा रहेको देखिन्छ । त्यसमा पनि काठमाडौं उपत्यकालाई भुकम्पीय उच्च जोखिममा मानिन्छ ।
प्राकृतिक विपद् अथवा मानब निर्मित विपद यी दूई प्रकारका विपद् मानवले भोगिरहेका हुन्छन । विगत इतिहासलाई दोहोह्याार हेर्दा प्राकृतिक विपद्मा भुकम्पबाट हुने क्षतिलाई बढी जोखिममा लिइएकोछ । अधिराज्यको विभिन्न ठाँउमा भुकम्पबाट प्रभाव पारेका र भुकम्पको केन्द्र विन्दु भएर समय समयमा भुकम्प गएको घटना र त्यसबाट क्षति भएको तथ्यहरु प्रमाणको आधारमा भेटिएकोछ । यस घटना बाट धन जनको पनि उत्तिकै क्षति भएकोछ । नेपालको भौगोलिक बनावट तथा भुगर्भको दृष्टिकोणले main central thrust र Main Boundary Thrust (MCT ) बाट पुर्व पश्चिम काटेर फैलीर्दै गएपछि जुन भु गर्भको दिसाबाट जोखि पुर्ण क्षेत्र मानिन्नछ । त्यसकारण नेपालमा ससाना भुकम्प देखि ठुला भुकम्प गइरहेको हुन्छ । यसलाई

मध्यनजर गर्नै काठमाडौ उपत्यका पनि यस बाट अलग हुन सकेको छैन र धेरै जोखिम क्षेत्र मध्यमा पर्दछ, यसै गरी जन संख्या वृद्धि दरले अन्य मानवयि क्षतिबाट हुने जोखिमहरु आगलागी, महामारी, बाढी पहिरो आदिी ले पनि बढी जोखिम हुदै गइरहेकोछ । यस्तो जोखिम पुवै अबस्थालाई हेर्दै विगतमा भएका घटनाहरु प्रस्तुत गर्न सान्दर्भिक हुने देखिन्छ । काठमाडौ उपत्यकामा विभिन्न समयमा आएका विपद्हरु र त्यसबाट भएका क्षतिहरुका विषयमा उल्लेख गर्न मनासिब हुन्छ ।

- १२५५ साल देखि १८६६ सम्म भुकम्पले प्रभाव पारको र १८३३ मा बढी क्षति भएको इतिहासमा उल्लेख गरिएकोछ ।
- १८९० मा ७.८ रेक्टर स्केलको भुकम्प गएको पाईन्छ ।
- १९८५ देखि १९९२ सम्म स साना भुकम्प देखि ठुला भुकम्प गएको दिखिन्छ । यस मध्ये १९९० वि. सं. सालमा ८.४ रेक्टर स्केलको पुर्वको चैनपुर केन्द्र विन्दु भई काठमाडौको मध्य भागमा बढ्प क्षती भएको थियो ।४३०० जना मानब क्षति , २० प्रतिशत भौतिक पुर्वाधार क्षति, ४० प्रतिशत घरहरु क्षति भएको तथा उपत्यकाको तीन बटै शहरहरुमा भौतिक, मानवीय र घर तथा भवन क्षति र बहुमुल्य सांकृतिक सम्पदा ,मठ , मन्दिर आदि नष्ट भएको थियो ।
- वि.सं. २०४५ को भाद्र महिनाको ५ गते पुर्व उदयपुरको सिदाली केन्द्र विन्दु भई गएको भुकम्पले उपत्यका भित्र र  भक्तपुरमा बढी क्षति भएको थियो ।
- यसरी संक्षिप्त तथ्याङ्कबाट उपत्यका भुकम्पीय दृष्टिकोणले अलि बढी जोखिमयुक्त क्षेत्र मानिदै आईएकोछ ।
- सन् २००३ सालको April महिनामा मिनभवनमा भएको ईन्धन बोकेको सवारी साधन तथा पेट्रोल पम्पमा भएको आगलागि तथा ग्यास सिलिन्डर पड्कीयर लाग्ने आगलागि संगै तारहरु जलेर हुने आगलागिको उच्च जोखिम रहेको प्रमाणित गर्दछ ।
- प्रदुषण, फोहोर, पर्याप्त स्वास्थ्य सम्बन्धि जनचेतना, पशु तथ पंक्षि जन्य जनाबरबाट सर्ने रोगहरु महामाहारीकारुपमा उपत्यकामा फैलिएका पर्याप्त उदाहारण र संभावना समेत देखिन्छ ।

## २ आगजनी (Fire)

महानगर क्षेत्रमा   आगजनीको समस्या प्राय सबै वाक्ला बस्तीहरू र कच्चाखालका बाक्ला साना फ्रोपडीमा छ । घरेलु प्रयोजनको लागि असावधानीपूर्वक आगोको प्रयोग र त्यसको व्यवस्थापनमा हेलचेक्रयाइँले गर्दा अनौपचारीक बस्तीहरूमा आगलागीका घटना प्रसस्तै हुने गरेका छन् ।

यसका अतिरिक्त हालका दिनहरूमा अव्यवस्थित तार असावधानी पुर्वक प्रयोग गरिएका ग्यासका सिलिन्डिरबाट आगजनी भईरहेकोछ । महानगर क्षेत्र भित्रका साना साना वन बाटिकाहरुमा लाग्ने गरेको वन डढेलो पनि समस्याको रूपमा देखा परेको छ ।

महानगर क्षेत्र भित्रका असुरक्षित व्यवसायिक भान्छाहरु समस्याको रुपमा देखापरेकोछ ।

## ३. बाढी (Flood)

विपद्का घटनाहरूको मात्रा, प्रकृति, भौतिक, सामाजिक तथा आर्थिक प्रभाव र क्षतिको परिमाणका दृष्टिले बाढी एक आकस्मिक प्रमुख विपद्को रूपमा देखिन्छ । नेपालको दक्षिणी भूभाग तराईको समथर जमिन र मध्य पहाडी तथा उच्च हिमाली भूभाग

बाढीको जोखिम क्षेत्रमा रहेका छन् । हिमालको पानीलाई नियन्त्रणमा राख्ने प्राकृतिक बाँधहरू नष्ट हुनु, हिउका भित्री ढिक्का तथा हिमनदीले बगाएर ल्याएको ढुङ्गा-माटोका थुप्रोका कारणबाट बनेका हिमतालहरूमा हिउँ पग्लेको कारणबाट बाँधको माथिल्लो भागमा हुने जलचापले हिमतालहरू विष्फोटन हुने गरेबाट बाढी जाने गरेको देखिन्छ । यसै गरी मौसममा भएको परिवर्तनले हिमनदीको अग्रभाग तीव्ररूपमा पग्लने र हिमतालहरू प्राकृतिक बाँधको नियन्त्रणमा रहन नसकी चाँडो चाँडो विष्फोट हुनुले पनि बाढीका घटनाहरू तीव्र रूपमा हुने गरेका छन् । इसिमोड र यूएनईपीले संयुक्त रूपमा तयार पारेको विवरण अनुसार नेपालमा रहेका ३,२५२ वटा हिमक्षेत्रले कुल ५,३२३ वर्गकिलोमिटर क्षेत्रफल ओगटेका छन् । त्यसैगरी यहाँ रहेका २,३१५ वटा हिमतालमध्ये २२ वटा विष्फोट हुने खतरामा छन् (ICIMOD /UNEP 2000) । यसको प्रभाव काठमाडौ उपत्यकामा समेत पर्न गएकोछ । यस क्षेत्रको ताल, तलैया, पोखरी , कुण्ड , नदी किनारको असुरक्षित बस्ति र ढुङ्गे धारा सुक्नु ले नै पुष्टि गर्दछ ।

## <u>४ पहिरो (Landslide)</u>

महानगर क्षेत्र भित्रको भु सतह ज्यादै कमजोर छ , भिरालो पहाड-पर्वत, अवैज्ञानिक शहरीकरण, मनसुनको समयमा हुने मुसलधारे वर्षा र त्यसपछिको प्रचण्ड तापमानका कारणबाट महानगरको पहाडी भूभागमा बारम्बार साना तिना पहिरो जाने गरेको छ । यसका अतिरिक्त पूर्वाधारको रूपमा निर्माण गरिने सडक, ठूला भवन तथा पुलहरू सुरक्षाको उपायहरू अवलम्बन गरी ठिक ढंगबाट निमार्ण । गर्ने नगरिएबाट पनि यस भूभागमा बारम्बार पहिरो जाने गरेको छ ।

## <u>५ महामारी (Epedemic)</u>

काठमाडौ महानगर क्षेत्रको वातावरण प्रदूषण, स्वच्छ खानेपानीको अभावले गर्दा एक क्षेत्रमा देखा परेको रोग छोटो समयमै फैलिएर अनेपक्षित रूपमा धेरै मानिस संक्रमित हनेु र मर्ने अवस्था महामारी रुपमा रहेकोछ । पशु पन्छि, मानिस अन्य जनाबर, फोहोरमैलाका कारण झाडापखाला, हैजा, कमलपित्त, श्वासप्रश्वाससम्बन्धी रोगबाट बर्सेनी हजारैं मानिसहरू र विशेष गरी बालबालिकाको मृत्यु हुने गरेको देखिन्छ ।

## <u>६ सुख्खा (Drought)</u>

संयुक्त राष्ट्रसंघीय अन्तरसरकारी समूहले प्रकाशित गरेको “जलवायु परिवर्तन २००७ प्रभाव, समायोजन र संकटाभिमुखता” नामक प्रतिवेदन अनुसार वायुमण्डलको तामक्रम दिनप्रतिदिन बढी रहेको र यसले खडेरी, सुख्खा लगायतका प्रकोपका आवृत्तिलाई विनासकारी बनाउन भूमिका खेलिरहेको छ । विश्वव्यापी तापक्रम वृद्धिले कतै अतिवृष्टि, कतै अनावृष्टि र कतै लामो समयसम्म हुने सुख्खापन वा खडेरीले खाद्यान्न उत्पादनको याम र यसको वृद्धिस्तरमा प्रतिकूल प्रभाव पार्ने गरेको छ । लामो समयको सुख्खा मौसम र अनिश्चित वर्षाले नेपालको कृषि क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ । वास्तवमा सुख्खा वा खडेरीको सामना गर्ने समुदायको क्षमताको विकास निकै जटिल विषय

भएकोले समुदायलाई धेरै प्रकारका संकटतर्फ उन्मुख गराइरहेको छ । नेपालमा सुख्खा वा खडेरीको जोखिम न्यूनीकरण गर्न समुदायको क्षमता अभिवृद्धि गर्ने संस्कृतिको पूर्ण विकास नभएका कारणले गर्दा यस तर्फ कार्य गर्नु पर्ने देखिन्छ । काठमाडौ उपत्यकामा जमिन मुनीको पानी सुक्न गएको र पर्याप्त पानीको अभावले गर्दा एक किसिमको सुख्खा अबस्थाको सृजना हुन पुगेकोछ ।

**विपद ब्यवस्थापनकालागि गरिने कार्यहरु :**

## १) पुर्व तयारी

१.१ जनचेतनामुलक कार्यक्रमहरु

१.२ समुदाय परिचालनमुलक कार्यक्रमहरु

१.३ खुला क्षेत्र संरक्षण सम्बन्धि कार्यक्रमहरु

१.४ स्वयं सेवक तयारी तथा परिचालन सम्बन्धि कार्यक्रमहरु

१.५ भवन निर्माण आचार संहिता प्रभावकारी कार्यन्वयन सम्बन्धि कार्यक्रमहरु

१.६ अस्पताल जन्य फोहोर सहित फोहोर व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु

१.७ विपदका समयमा कार्यस्थलमा सुरक्षित रहने सम्बन्धि कार्यक्रमहरु

१.८ विपदका समयकालागि औषधि, खानेपानि र अस्थायी बासको प्रबन्ध सम्बन्धि कार्यक्रमहरु

१.९ सडक, पुल तथा अन्य पुर्वाधार निर्माणको संहिता प्रभावकारी कार्यन्वयन सम्बन्धि कार्यक्रमहरु

१.१० विपद व्यवस्थापन कोषको ब्यवस्था

१.११ उद्धार तथा आकस्मिक निर्माण विषयक तालीम सञ्चालन सम्बन्धि कार्यक्रमहरु

१.१२ फोहरमैला ब्यबस्थापन, पुर्वाधार निर्माण, नदी संरक्षण र बातावरणीय सुधारका नीति तथा कार्यक्रमहरुमा विपदलाई समेत ध्यान दिई नीति तथा कार्यक्रम निर्माण गर्न पहल, गोष्ठि लगायतका अन्य आबश्यक कार्यककहरु गर्ने ।

**२) उद्धार तथा सुधार**

२.१ विपदका समयमा उद्धारकार्यका लागि सुरक्षाकर्मी, स्वयंसेवक, सञ्चारकर्मी आदिको समन्वयात्मक कार्य हेत' विपद उद्धार समन्वय समिति निर्माण ।

२.२ विपद पछिको पुन निर्माण तथा सुधारका लागि कार्ययोजना निर्माण गरी कार्य गर्ने

२.३ आकस्मिक स्वास्थ्य शिबिर सञ्चालन गर्ने ।

२.४ ध्यान तथा परामर्श सेवामुखी कार्यक्रम सञ्चालन गर्ने ।

२.५ अस्थायी बसोबासको ब्यवस्थ ागर्ने ।

२.६ खाना, पानी, लत्ता कपडाको ब्यवस्थ ागर्ने ।

**३) पुर्नस्थापना तथा विकास**

३.१ विपदबाट प्रभावित नागरिकको सुरक्षा गर्दै पुर्ववत अबस्थामा ल्याउने प्रयोजनकालागि स्वास्थ्य लगायतका कार्यहरु गर्ने ।

३.२ भवन तथा भौतिक पुर्वाधारको निर्माण तथा सुधार गर्ने ।

# खण्ड (ख)

## श्रोत तथा परिचालन

१) श्रोत

काठमाडौ महानगरपालिकाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७६ को अधिकार प्रयोग गरी, आर्थिक प्रशासन नियमावली २०६४ को .३३ को (क) बमोजिममा व्यवस्था भएको र नगरपरिषदको मिति २०७०/३/२९ को निर्णय अनुसार गठन भएको **दैवी प्रकोप उद्दार विशेष कोषमा** रहेको रकम नै विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा सम्बन्धि पुर्व तयारी , उद्धार र पुर्न स्थापन तथा विकास सम्बन्धिकार्यमा खर्च गरिनेछ । विपद व्यवस्थापन कोषमा देहाय बमोजिम संकलित रकम रहनेछ । संकलित रकम यस कोषम जम्मा गर्ने जिम्वेवारी तथा दायित्व काठमाडौ महानगरपालिकाको हुनेछ ।

१.१ प्रत्येक घर जग्गा करदाता र नयाँ भवन निर्माण नक्शा स्वीकृत गर्दा विपद् व्यवसथापन शुल्क बापत संकलित रकम ।

१.२ विपद ब्यवस्थापन प्रयोजनकालागि नेपाल सरकार वा निकाय, बिदेशी सरकार वा निकाय, अन्तर्राष्ट्रि संघ संस्था वा ब्यक्ति र नेपाली संघ संस्था वा ब्यक्ति बाट प्राप्त हुन आएको नगदी, जिन्सी वा यस्तै प्रकारको सहयोग वा अनुदान ।

१.३ प्रत्येक बहाल र व्यवसाय कर दाताबाट प्राप्त **विपद् ब्यवस्थापन शुल्क** वापतको रकम ।

१.४ **कोष सञ्चालन** : कोषको रकम खर्च गर्ने अधिकार काठमाडौ महानगरपालिकाको कार्यकारी अधिकृतलाई हुनेछ , निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा महाशाखा प्रमुखको संयुक्त दस्तखतबाट यस कोषको रकम खर्च लेखिनेछ ।

१.५ **कोषको रकम खर्च तथा परिचालन** : वडा स्तरीय समितिबाट कार्यक्रम तथा योजना माग भई, स्वीकृत भए पछि देहायको कार्य प्रगति प्राप्त भए पछि देहाय बमोजिम निकासा दिनु पर्नेछ ।

कार्यक्रम स्वीकृत भए पछि कार्य प्रारम्भ गर्न स्वीकृत कार्यक्रमको अधिकतम बीस प्रतिशत सम्म रकम प्रथम किस्ता विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभागको सिफारिशमा निकासा दिन सकिनेछ। प्रथम किस्ताको कार्य परिणाम शत प्रतिशत प्राप्त भएको सिफारिश वडा स्तरीय समिति र विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभागले गरेमा दोश्रो किस्ता स्वीकृत रकमको चालीस प्रतिशत सम्म निकासा दिन सकिनेछ । दोश्रो किस्ताको शत प्रतिशत परिणाम प्राप्त भएको सिफारिश समिति र विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभागले गरेमा बाँकी रकम निकासा दिनेछ।

१.६ विपद व्यवस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभागले आफुले निर्माण गरेको विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रम वा काठमाडौ महानगरपालिकाको स्वीकृत बजेट नीति तथा कार्यक्रममा उल्लेख गरेको उक्त सम्बन्धित कार्यक्रमको लागत यसै कोषबाट ब्यहोरिनेछ । वार्षिक नीति तथा कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रम स्विकृत गर्दा खर्च व्यहोर्ने श्रोत दैवी प्रकोप उद्दार विशेष कोष उल्लेख गरी स्वीकृत गर्नु पर्नेछ।

१.७ काठमाडौ महानगरपालिको दमकल सेवा , एम्बुलेन्स सेवा र शबबाहन सेवा सञ्चालन, स्तरोन्नति बापतको खर्च यसै कोषबाट ब्यहोरीनेछ।

१.८ यस कोषबाट भए गरेका खर्चको नियमानुसार लेखा परीक्षण गराउनु पर्नेछ।

# खण्ड -(ग )

## समिति गठन

### २) वडा तथा महानगर स्तरीय विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति गठन तथा कार्य विवरण

२.१ काठमाडौ महानगरपालिकाले आफु अन्तर्गतका वडा अन्तर्गत रहने गरी देहायको विपद व्यवस्थापन तथा नागरीक सुरक्षा समिति गठन गर्नेछ ।

काठमाडौ महानगरपालिका

...........वडा कार्यलय

विपद व्यवस्थापन तथा नागरिक सुरक्षा समिति

**यस समितिमा विभिन्न क्षेत्रका ब्यक्तिहरु मध्ये कम्तिमा दई जना महिला सहित पाँच जनाको एक सल्लाहाकार समुह रहनेछ ।**

**समिति**

| | | |
|---|---|---|
| १. | वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य | .अध्यक्ष |
| २ | वडा समिति द्धारा मनोनित व्यक्ति | उपाध्यक्ष |
| ३ | वडा समिति द्धारा मनोनित व्यक्ति | सचिव |
| ४ | वडा समिति द्धारा मनोनित व्यक्ति | कोषाध्क्ष |
| ५ | वडाप्रहरी प्रमुख वा सामुदायीक प्रहरीप्रमुख | सदस्य |
| ६ | वडा समिति द्धारा मनोनित व्यक्ति | सदस्य |
| ७ | वडा सचिब | सदस्य सचिब |

वडा अध्यक्ष्य नभएको अबस्थामा निजको कार्यभार सम्हाल्ने पदाधिकारी नै यस समितिको अध्यक्ष हुनेछ । वडा समितिले सवै वर्ग क्षेत्र तथा विपद् सम्बन्धि जानकारी राख्ने ब्यक्ति बाट मनोनित गर्नु पर्ने छ ।

यस समितिको कार्य समयावधि पाच वर्षको हुनेछ ।

२.२ उपरोक्तानुसारको समितिमा वडा क्षेत्र भित्र स्थायी बसोबास भएका नागरिकहरु मध्येबाट विभिन्न पदमा मनोनयन गरिनेछ । सात सदस्यीय समितिमा कम्तिमा तीन जना महिला हुनु पर्नेछ । सल्लाहाकार समुह गठन गर्दा सामान्यतया विषय संग जानकारी भएका समाजसेवी, प्राध्यापक, शिक्षक, ल्कब सदस्य, उपभोक्ता समिति पदाधिकारी वा यस्तै ब्यक्तिबाट समितिले मनोनयन गर्नु पर्नेछ ।

२.३ उक्त समितिले यस निर्देशिकामा आधारित भई कार्यक्रम तयार गरी समिति तथा सल्लाहाकार समुह समेत संलग्न भई उक्त कार्यक्रम स्वीकृत गरी आबश्यक रकम महानगरपालिका संग माग गर्नु पर्नेछ ।

२.४ उक्त कार्यक्रम कति आबश्यक तथा उपयुक्त हो भनी विपद व्यवस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभागबाट जाची सिफारिश सहित स्विकृतिकालागि पेश गर्नेछ ।

२.५ यसका अतिरिक्त समितिको काम, कर्तब्य अधिकार देहाय बमोजि हुनेछ ।

२.५.१ क्षति न्युनीकरणकालागि देहायको साथै उपयुक्त उपाय अपनाउने ।

- ✓ खुला क्षेत्र सम्म जान सक्ने मार्ग पहिचान हुने गरीको सुचना सहितको मार्ग पहिचान बोर्ड हरेक गल्ली तथा सडकमा राख्ने ।
- ✓ विपद्को अबस्थामा आबश्यक पर्ने अत्याबश्यक सामानहरुको सुची सहितको विवरण घरको मुख्य द्धारमा टाँस गर्न हरेका नागरिकलाई प्रेरित गर्ने र सो अुनसारको सामान झोलामा सधै तयारी अबस्थामा राख्न आग्रह गर्ने ।
- ✓ हरेक चोक गल्लीमा नजिकको दमकलको, एम्बुलेन्स, शब वाहन र सुरक्षा चौकीका फोन नम्बर सहितको विवरण रहेको बोर्ड टाँस गर्ने ।
- ✓ भु कम्पीय प्रतिरोध भवन निर्माणका लागि डकर्मी तालीम दीन तथा दीलाउने र आम नागरिकमा त्यसको महत्व दर्शाउने हातेपुस्तिका वितरण गर्ने र तालीम प्राप्त डकर्मीबाट मात्र घर निर्माण गर्ने सिफारिश कार्यालयलाई गर्ने ।
- ✓ पुराना भवन, सम्पदा , मन्दिर पाटी, देवलहरुको रेट्रो फिटिङ. प्रविधि अपनाई सुरक्षित बनाउने ।
- ✓ सार्वजनिक संस्था कार्यलय , बैक, सहकारी, वा अन्य यस्तै वा समुहमा आबद्ध भई कार्य गरिने स्थल, पाठशाला, लगायतका क्षेत्रमा कार्यस्थलमै विपदको

समयमा आफु र बरपरका जन र धनको क्षति न्युन गरी कसरी बच्न सकिन्छ भन्ने तालीम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

- ✓ साना गल्ली चोकहरुलाई संभव भए सम्म एम्बुलेन्स, दमकल र शबबाहन आवत जावत गर्न सक्ने गरीको चौडा गर्ने तथा गर्नलाई पहल गर्ने वा सहयोग गर्ने वा प्रेरित गर्ने ।
- ✓ विपदको समयमा सुचना दिने पुर्व सुचना सुचक यन्त्र जडान गरी कार्यन्वयन ल्याउने । (early warning system .)
- ✓ खानी तथा भुगर्भ विभागले पहिचान गरेका भुकम्पिय रेखा अंकित जानकारी बोर्ड त्यस्ता स्थानमा टाँस गर्ने ।
- ✓ नागरिकलाई सचेत गराउन भुकम्प, आगलागिबाट न्युन क्षति हुने क्षेत्र र अधिक क्षति हुने क्षेत्रका विषयमा अनेक माध्यम द्वारा जानकारी गराउने ।
- ✓ उपत्यका स्तरीय काठमाडौ उपत्यका विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति गठन गर्न पहल गर्ने
- ✓ स्वंयम सेवक समुहलाई उपत्यका स्वतरीय बनाउन पहन गर्ने ।
- ✓ काठमाडौ महानगरपालिका, विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभागले तोके अनुसारका कार्यहरु समेत समितिको कार्य विवरण भित्र पर्नेछ ।

२.५.२ **समितिले आफ्नो क्षेत्र भित्र स्वंय सेवक समुह निर्माण गरी कार्य गर्न सक्ने** : वडा स्तरीय विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समितिले वडा स्थित ल्कब, सामुदायीक संस्था गैर सरकारी संस्था वा यस्तै अन्य संस्थामा आबद्ध भएका वा आम नागरिकको संलग्नतामा एक स्वंय सेवक समुह गठन गर्न सक्नेछ । सो को गठन कार्य विधि तथा परिचालन समितिले तोक्नेछ । तर देहायका न्युनत्तम आधारलाई मार्ग निर्देश मान्नु पर्नेछ ।

क) स्वंय सेवक समुह अन्तर्गत कम्तिमा ११ बढीमा २५ जना सम्मको देहायको उप समुह निर्माण हुनेछ ।

search and rescue team, communication team and management team .

ख) स्वंयम सेवक समुह बीच समितिले विपद व्यवस्थापन तथा नागरिक सुरक्षा र क्षति न्युनिकरणका लागि देहाय बमाजिमको तालीम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

- search and rescue
- Temporary management
- communication flow and management
- बिजुली, खानेपानी आपुर्ति गर्ने वा विपद्को समयमा बन्द गर्ने ।
- ग्यास सिलिन्डर सुरक्षित राख्ने तथा प्रयोग गर्ने ।
- कार्यलय, घर, ब्यापारिक भवन तथा सार्वजनिक स्थलमा सुरक्षित रहने उपायहरु
- क्षति न्यनीकरण हुने पुर्व तयारी सम्बन्धि उपायहरु
- समितिले आबश्यक ठानेका अन्य कार्यक्रमहरु ।

ग) अस्पतालका स्वास्थ्यकर्मी, पाठशालाका छात्र छात्रा, कलेज तथा क्याम्सका विधार्थी र शिक्षक, टोल विकास समिति वा उपभोक्त समिति वा यस्तै प्रकारका संस्थाका पदाधिकारी, सामुदायीक प्रहरी अन्य सुरक्षा कर्मी, निजी क्षेत्रका सुरक्षा कर्मी निजी वा सरकारी कार्यालयका कर्मचारीहरुलाई यस समिति वा काठमाडौ महानगरपालिकाले तयार गरेको कार्यक्रममा आधारित भई स्वंयम सेवक सम्बन्धि तालीम सञ्चालन गर्नेछ ।

## २.६ समितिको वैठक

यस समितिको बैठक आबश्यकता अनुसार बस्न सक्नेछ तर तीन महिनाको एक पटक अनिबार्य बैठक बसी कार्य प्रगति , कार्यक्रम छनौट र विपद् व्यवस्थापन कार्य योजना तथा कार्य तालिका बनाउने सो को लिखित जानकारी विपद् व्यबस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभागलाई जानकारी गराउनु पर्नेछ ।

## २.७ महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति

काठमाडौ महानगरपालिकाले देहायको विपद व्यवस्थापन तथा नागरीक सुरक्षा समिति गठन गर्नेछ ।

काठमाडौ महानगरपालिका

विपद व्यवस्थापन तथा नागरिक सुरक्षा समिति

**सल्लाहाकार समुह**

१. श्री गृह मन्त्रालय , २. श्री स्थानीय विकास मन्त्रालय, ३.शहरी विकास मन्त्रालय ४. उपत्यका विकास प्राधिकरण ५. श्री रेडकस नेपाल, ६. श्री डिपीनेट नेपाल, ७ . श्री भुकम्प प्रविधि राष्ट्रिय समाज नेपाल र ८. अन्य आबश्यक ठानीयका संस्थाहरु

यस सल्लाहाकार समुहलाई नीति निर्माण, रण नीति निर्माण, कार्य योजना निर्माण र कार्यन्वयनमा मुख्य रुपमा सहभागी गराईनेछ ।

**समिति :** विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ मा भएको ब्यवस्था बमोजिमको काठमाडौ महानगरपालिका विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति रहनेछ ।

क. सम्बन्धित नगरपालिकाका प्रमुख — अध्यक्ष

ख. वडाअध्यक्ष मध्येबाट नगर परिषद्ले मनोनयन गरेका तीन जना वडा अध्यक्षहरू — सदस्य

ग. विपद् परेका वडाको वडा अध्यक्ष — सदस्य

घ. वडासदस्यहरू मध्येबाट नगर परिषद्ले मनोनयन गरेका दुईजना वडासदस्यहरू — सदस्य

ङ. राष्ट्रियस्तरका राजनीतिक दलका नगरपालिका स्तरीय समितिका अध्यक्ष — सदस्य

च. स्थानीय गैह्रसरकारी संस्था, सामुदायिक संस्था, सामाजिक संघ संस्था वा प्रतिष्ठित समाजसेवीमध्ये महानगरपालकाले मनोनित गरेका चार जना ( यसमा महिला र दलित अनिवार्य रुपमा हुनु पर्नेछ) — सदस्य

छ. स्थानीयस्तरमा उपलब्ध विपद् व्यवस्थापनसम्बन्धी विज्ञमध्ये

नगर परिषद्ले मनोनयन गरेका दुई जना सदस्य

ज. नगरपालिकाका कार्यकारी प्रमुख सचिव सदस्य सचिव

झ. विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभागको प्रमुख यस समितिको सचिवालय प्रमुख

कार्यकारी अधिकृतले प्रमुखको जिम्वेवारी सम्हालेको अवस्थामा सदस्य सचिबको कार्य सचिवालय प्रमुखले गर्नेछ।

काठमाडौ महानगरपालिकाले आवश्यकतानुसार सदस्यहरुको हेरफेर गर्न सक्नेछ।

**विभिन्न सरोकारवालाहरूको जिम्मेवारी**

| क्रियाकलापहरु | जिम्मेवारी |
|---|---|
| महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति गठन | काठमाडौ महानगरपालिका परिषद र काठमाडौ महानगरपालिका |
| वडा स्तरीय विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति गठन | महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति |
| विपद् जोखिम व्यवस्थापनको कार्यान्वयनका लागि आर्थिक स्रोत उपलब्ध गराउने। संयन्त्रको स्थापनालगायत यस निर्देशिकाको कार्यान्वयनका लागि समष्टिगत रूपमा उत्तरदायी भई जिम्मेवारी वहन गर्ने।<br>काठमाडौ महानगर विपद् सहयोग तथा न्यूनीकरण, जोखिम रहित पूर्वाधारहरूको निर्माण तथा विपद् न्यूनीकरणका अन्य कार्यलगायत प्रभावकारी सेवा प्रवाहलाई नियमन गर्ने।<br>आफ्ना सबै नीति, कानुन तथा प्राथमिकताप्राप्त कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरणलाई समाहित गर्न मार्गनिर्देश गर्ने। | महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति र<br><br>वडा स्तरीय विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति<br><br>सम्बन्धित सरकारी निकायहरू |

| | |
|---|---|
| न्यूनीकरणसम्बन्धी गतिविधिहरूका स्रोतहरूको परिचालनका अवसरहरूमा वृद्धि गर्ने ।<br>काठमाडौ क्षेत्रमा विपद् न्यूनीकरण व्यवस्थापनको क्षेत्रमा लगानीका लागि मार्गदर्शन गर्ने ।<br>महानगरपालिकाको दीर्घकालीन विकासका लागि छुट्याइएका स्रोतहरूको संरक्षणमा अभिवृद्धि गर्ने । | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठन, गैर-सरकारी संस्था तथा समुदायमा आधारित संस्थाहरू विकाससम्बन्धी अन्तर्राष्ट्रिय साफेदारहरु |
| **सफल प्रयासहरूको प्रकाशन :**<br>सफल प्रयासहरू र यसका लागि जिम्मेवार सँस्थाहरूको विवरण सर्वसाधारण तथा सञ्चार जगत समक्ष सार्वजनिक गनर्छे । कायर्श ाला, प्रशिक्षण तथा संचार माध्यमबाट विवरण सावर्ज निक गर्नेछ । | **महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति** |
| **अनुगमन तथा मूल्याङ्कन (Monitoring and Evaluation)**<br>विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई अगाडि बढाउने र यसका उद्देश्यहरू हासिल गर्ने कार्यमा भएका<br>प्रगतिको मापन गर्न र यसको प्रभावहरूका बारेमा जानकारी पाउनका लागि यस निर्देशिकाको कार्यान्वयनको<br>अनुगमन तथा मूल्याङ्कन वार्षिक रूपमा गरिनेछ । प्रत्येक वर्ष **महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति** आफ्नो कार्यप्रगतिको वार्षिक विवरण प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशित गर्नेछ ।<br>काठमाडौ महानगरपालिकाले कामको अनुगमन, मूल्याङ्कन र नियन्त्रण गनर्छे । विभिन्न वडा स्तरका विपद् व्यवस्थापन समितिको कार्यमूल्यांकन **महानगर विपद्** | **काठमाडौ महानगरपालिका**<br><br>**महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति** |

| | |
|---|---|
| व्यवस्थापन तथा नागरिक सुरक्षा समिति मार्फत काठमाडौ महानगरपालिकाबाट हुनेछ ।<br>यसका लागि आवश्यक पर्ने सूचकहरू **महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समितिले** सम्बन्धित साझेदारको संलग्नतामा विकास गर्नेछ । | |

## महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समितिको कार्य विबरण

### क ) पूर्वतयारी व्यवस्थापन सम्बन्धि :

- वडा स्तरीय विपद् व्यवस्थापन समितिले पेश गरेको कार्यक्रम प्राथमिकीरण गर्दै स्वीकृत गरी , सो को सिफारिश काठमाडौ महानगरपालिका समक्ष पेश गर्ने ।
- काठमाडौ महानगरपालिका वरपरका गाऊ विकास समिति, काठमाडौ उपत्यकाका सम्पुर्ण नगरपालिकाहरु र जिल्ला विकास समिति संग सहकार्य गरी विपद् व्यवस्थापन सम्बन्धि एकीकृत कार्यक्रम तयार गर्ने र सम्पुर्ण साझेदारको आर्थिक तथा प्राविधिक साधन तथा श्रोत समेतको संलग्नता सहित कार्यक्रम कार्यन्वयनकालागि सिफारिश गर्ने ।
- कार्यक्रममा अन्य निकाय संलग्न भएमा कार्यक्रम कार्यन्वयन अनुगमन तथा मुल्याङ्कन समुह निर्माण गर्ने । यस समुहले सिफारिश गरेका विषयहरु कार्यन्वयन गर्ने ।
- प्राकृतिक विपद्को सम्भावित असरलाई न्यून गर्न जोखिमयुक्त स्थानहरूको पहिचान गर्ने एवं त्यस्ता स्थलको नक्साङ्कन गर्ने, गराउने,
- जनचेतना अभिवृद्धि, जोखिम मूल्याङ्कन, पूर्वचेतावनी संयन्त्रको स्थापना गर्ने, गराउने,
- विपद्को सामना गर्न स्थानीय क्षमता एवं दक्षताको अभिवृद्धि, सूचना प्रवाह एवं एकीकृत सन्जालको विकास गर्ने, गराउने, अस्पताल एव ं स्वास्थ्यचाकै ीमा आपतकालीन उपचारका लागि पर्याप् त सुविधाको व्यवस्था तथा विकास गर्ने, गराउने,
- औपचारिक एवं अनौपचारिक शिक्षाका विभिन्न तहको पाठ्यक्रममा विपद्सम्बन्धी विषय समावेश गर्ने, गराउने,

- विपद् व्यवस्थापन योजना, विपद् समायोजित विकास योजना, भू-उपयोग योजना, अग्नि संहिता तथा भवननिमार्ण संहिता आदि तजर्मु ा गरी कायार्न्वयन गर्न संयोजन गर्ने, गराउने,
- विपद्को सामना गर्नका लागि आवश्यक योजना बनाउने र आवश्यकता अनुसार प्रतिरोधात्मक संयन्त्र एवं सामग्रीहरू सार्वजनिक निकायहरूमा तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने र सम्पर्क विन्दु तोक्न पहल गर्ने, गराउने,
- महानगर भित्र कार्यान्वयन गरिने सम्पूर्ण विकास एवं निर्माणका संरचनाहरूको विपद् प्रभाव मूल्याङ्कन अनिवार्य रूपमा गर्न लगाउने,
- विपद्को असर एकभन्दा बढी नगरहरूमा पर्ने देखिएमा संयुक्त रूपमा योजना तयार गरी तदनुरूप कार्यान्वयनको व्यवस्था मिलाउने,
- सार्वजनिक भवन तथा अन्य भौतिक संरचनाहरू निर्माण गर्दा स्थानीय बासिन्दा तथा समिति सँग समेत समन्वय गरी विपद् प्रतिरोधात्मक उपायको अवलम्बन गर्ने, गराउने, निमार्ण ा भसै केका संरचनाहरूको सो अनुरुप प्रबलीकरण गर्न पहल गर्ने, गराउने,
- असुरक्षित स्थलहरूमा बस्ती विस्तार गर्न नियन्त्रण गर्ने, असुरक्षित बस्तीको संरक्षणका साथै आवश्यकता अनुसार स्थानान्तरण गर्ने, गराउने र स्थानान्तरण गर्दा गरिब, महिला, ज्येष्ठ नागरिक तथा पिछडिएका वर्गलाई प्राथमिकता दिने,
- विपद् व्यवस्थापनसम्बन्धी आपतकालीन स्वास्थ्य सेवा, उद्धार तथा राहत कार्य स्थानीय क्षमता अभिवृद्धि जस्ता तालिम सञ्चालन गराउने र यस्ता तालिममा गरिब, महिला तथा पिछडिएका वर्गहरूलाई प्राथमिकता दिने व्यवस्था मिलाउने,
- सामुदायिक तहमा आपतकालीन आश्रयगृह तथा अन्य आवश्यक सिु वधाको व्यवस्था गर्ने, गराउने,
- आवश्यकता अनुसार ऐन, कानुन, नियम, निर्देशिकाहरूको व्यवस्था गरी अद्यावधिक गर्न सिफारिस गर्ने तथा प्रशासनिक कार्यप्रणालीलाई आपतकालीन अवस्थामा प्रयोगका लागि दुरूस्त राख्ने, राख्न लगाउने,
- विपद् व्यवस्थापनका लागि आवश्यक पर्याप्त साधन, स्रोत र बजटे को व्यवस्था गर्ने, गराउने,
- उपयुक्त स्थानहरूमा भण्डारगृह निर्माण गरी पर्याप्त मात्रामा तोकिएको मापदण्ड अनुसार खाद्यान्न, औषधि एवं अन्य उद्धार तथा राहत सामग्री भण्डारण गर्ने, गराउने,
- विपद्बाट जोगिने पुर्वाभ्यास कायर्क्रमको योजना बनाउने र कायार्न्वयन गर्ने,
- विपद्सम्बन्धी कार्यमा सबै सरोकारवालाहरूबीच समन्वय एवं सहकार्य अभिवृद्धि गर्ने,
- जनधनको क्षतिलाई न्यून गर्ने उद्देश्यले विपद्का घटना घट्नु पूर्व गरिने अन्य सम्पूर्ण कार्यहरू गर्ने आदि ।

**उद्धार तथा राहत व्यवस्थापन सम्बन्धि :**

- प्राकृतिक विपद्को प्रारम्भिक जानकारी लिई आवश्यक सूचना प्रवाह गर्ने गराउने,
- विपद्बाट प्रभावित व्यक्तिहरूका लागि सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, स्वयंसेवक, विपद् उद्धार समूह, प्राविधिज्ञ, नागरिक समाज, सरोकारवाला समुदाय आदि सम्मिलित खोजी तथा उद्धार टोली तत्काल परिचालन गर्ने, गराउने,
- आपतकालीन खोजी, उद्धार, सूचना प्रवाह लगायत विपद् व्यवस्थापनका सम्पूर्ण आवश्यक कार्यहरू व्यवस्थित गर्न एवं प्रभावित जनसमुदायलाई सहयोग पु¥याउन विपद् व्यवस्थापन अस्थायी कक्ष स्थापना गर्ने, गराउने,
- राहतस्वरूप खाना, बच्चाको आहार, खानेपानी, लत्ताकपडा, भाँडाकुँडालगायत आर्थिक सहयोग तत्काल वितरण गर्ने, गराउने,
- अस्थायी आवास, स्वास्थ्यसेवा, खानेपानी, सरसफाइ, शौचालय, सुरक्षा आदिको तत्काल व्यवस्था गर्ने, गराउने,
- बालबालिका, महिला, बृद्ध तथा अन्य प्रकारले सक्षम व्यक्तिहरूको उद्धार तथा राहत कार्यका लागि विशेष व्यवस्था गर्ने, गराउने,
- रेडियो, टेलिभिजन, टेलिफोन, फ्याक्स, इमेल जस्ता सञ्चार सुविधा सुचारू गर्ने, गराउने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचना प्रवाहका समस्त माध्यमलाई व्यवस्थित गर्ने, गराउने,
- स्थानीयस्तरमा नै उपचार सुविधाको व्यवस्था गर्ने र गम्भीर अवस्थाका घाइतहे रूलाई सुविधासम्पन्न अस्पतालहरूमा तत्काल स्थानान्तरण गर्ने, गराउने,
- घटनास्थलसम्म पहंचुँ पु¥याउन अवरूद्ध सडक यातायात, विमानस्थल आदिलाई सुचारू गर्न सहयोग पु¥याउने तथा उद्धार कार्य र राहत सामग्री एवं प्रभावित जनसमुदाय वा व्यक्तिहरूको ओसारपसारका लागि यातायातका साधनहरूको व्यवस्था गर्ने, गराउने,
- उद्धार तथा राहत कार्यमा प्रभावकारिता ल्याउन सबै संलग्न सरोकारवालासँग समन्वय गरी सहकार्य गर्ने, आवश्यक साधन, सरसामान, स्रोत र पर्याप्त बजेट आदिको व्यवस्था गर्ने, गराउने,
- शैक्षिक संस्थाका भवन, सार्वजनिक भवन तथा जग्गालाई आपतकालीन अवस्थामा प्रयोग गर्न आवश्यक समन्वय गर्ने, गराउने,
- कुनै जिल्लामा विपद् परेको अवस्थामा अन्य जिल्लाहरूले समेत आवश्यकता अनुसार उद्धार तथा राहत एवं अन्य सबै आवश्यक कार्यमा सहयोग गर्ने,
- विपद्बाट असर परेकाहरूको मनोसामाजिक अवस्थिति एवं जीवनयापनलाई सहज तुल्याउन सहयोगी हुने कार्यहरू गर्ने,
- विपद् परेका क्षेत्रहरूमा उपलब्ध स्रोत, साधन, सीपको अधिकतम रूपमा उपयोग गर्ने तथा व्यवस्थापनकायमा स्थानीय व्यक्तिहरूलाई व्यापक रूपमा सहभागी बनाउने,
- विपद्को घटना घट्नासाथै त्यस्ता घटनाबाट तल्लो तटीय क्षेत्रमा पर्न जाने असरलाई कम गर्न यस्ता क्षेत्रबाट असर पर्नसक्ने जनसमुदायलाई उद्धार गर्ने, गराउने,

- विपद्का अवस्थामा आवश्यक पर्ने खाद्यान्न एवं अन्य सरसामान जगेडाको रूपमा राख्ने प्रक्रियाका सम्बन्धमा सरोकारवालाहरूसँग समेत समन्वय कायम गर्ने,
- विपद्मा परको स्थानका बासिन्दाहरूलाई नेपाल सरकारका तर्फबाट जीउधनको भरपर्दो सुरक्षा उपलब्ध गराउन अबिलम्ब पहल गर्ने ।
- उद्धार तथा राहत अवस्थामा आईपर्ने अन्य सम्पूर्ण कार्यहरू गर्ने, गराउने ।

**<u>पुनर्स्थापना तथा पुनर्निर्माण व्यवस्थापन सम्बन्धि :</u>**

आफ्नो नगर क्षेत्रको विपद् व्यवस्थापन योजना तजुर्म ा, कायार्न वयन र अनगुमन गर्ने ।

जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रमुख जिल्ला अधिकारीलाई विपद् व्यवस्थापनका सम्बन्धमा आवश्यक सहयोग पुऱ्याउने,

- स्थानीय निकायहरूमा कार्यरत सबै कर्मचारीहरूलाई विपद् सम्बन्धी प्रशिक्षण दिने, दिलाउने,
- निश्चित समयको अन्तरालमा विपद्सम्बन्धी प्रशिक्षण, तालिम आदिलाई अद्यावधिक गर्ने,
- विपद् व्यवस्थापनका लागि नगरपालिका र गाउँ परिषद्बाट पारित गराई बजेट विनियोजन गर्ने,
- विपद्सम्बद्ध सबै आर्थिक स्रोतहरू तत्काल प्रयोग गर्न सकिने गरी तयारी अवस्थामा राख्ने,
- सरकारी तथा स्थानीय निकायहरूले बनाई लागू गरेको निर्देशिका अनुसार भौतिक संरचना निर्माण गर्ने, गराउने,
- प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने,
- प्राधिकरणको निदेर्शन अनुसार पनुस्थार्प ना, पुन निर्माण तथा पनुरुत्थानका कार्यहरू गर्ने, गराउने
- स्थानीय गैरसरकारी संघ संस्था, जनसमुदाय, सामाजिक कार्यकर्ता, व्यक्ति तथा विपद्वाट प्रभावित वा सम्भाव्य प्रभावित समुदायहरूसमेतको संलग्नतामा देहायका अवधारणाहरू समेतलाई समेटी स्थानीय विपद् व्यवस्थापन योजना तजुर्मा गरी कार्यान्वयन गर्ने :

  क) स्थानीय क्षेत्रमा विपद् जोखिम न्यूनीकरणका अवधारणा तथा सिद्धान्तहरू समेतलाई समेट्ने,

  ख विपद् जोखिम न्यनूीकरणमा स्थानीय पदाधिकारीको भूमिका तथा उत्तरदायित्व प्रतिविम्बित गर्ने,

  ग स्थानीय पदाधिकारीको भर्ू मका तथा उत्तरदायित्व परूा गर्न आवश्यक क्षमता अभिवृद्धि गर्ने कायर्क्रम राख्ने,

  घ विपद् जोखिम अल्पीकरणका रणनीतिहरू स्पष्ट हुने गरी बनाउने,

ङ. पुनर्स्थापना तथा पुनर्निर्माणको अवस्थामा लाग्ने खर्चसहितको सङ्कटकालीन रणनीति प्रष्ट हुने गरी बनाउने,

- सम्बद्ध सबै सरोकारवाला तथा जिल्लास्तरीय सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसित समन्वय गरी विपद् जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा गर्ने तथा तर्जुमा भएका योजनाहरू कार्यान्वयन गर्ने, गराउने,
- विपद् जोखिम न्यूनीकरण योजनाको नियमित समीक्षा गरी अद्यावधिक राख्ने,
- आफूले निर्माण गरेको स्थानीय विपद् जोखिम न्यूनीकरण योजनाको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउने,
- जिल्ला विकास समितिले तोकिदिए बमोजिम जिल्लास्तरीय योजनासँग विपद् व्यवस्थापन योजना समायोजन गर्ने,
- सङ्कटकालीन तयारीको लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने,
- स्थानीय स्तरको आपतकालीन योजना तथा कार्यविधि बनाई लागु गर्ने, गराउने,
- स्थानीय स्तरीय प्रकोप जोखिमको नक्सा बनाउने, बनाउन लगाउने,
- उल्लिखित कार्ययोजनाहरू सम्पन्न गर्न नेपाल सरकार, जिल्ला विकास समिति एवं सम्बद्ध सरोकारवालाहरूबाट आर्थिक तथा प्राविधिक सहयोगका लागि अनुरोध गर्ने ।
- विपद्बाट भएको क्षतिको विस्ततृ मुल्याङ्कन गर्ने, गराउने,
- योजना तर्जुमा गरी क्षति भएको भूमि, भवन तथा अन्य भौतिक पूर्वाधारहरू जस्तैः खानेपानी, सिंचाई, पुल, सडक, विद्युत, सञ्चार आदिको मर्मतसम्भार तथा नयाँ निर्माण गर्न सहयोग पुऱ्याउने,
- विपद् प्रभावितक्षेत्रमा आर्थिक क्रियाकलापहरूको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना एवं जीवनयापनका लागि आयमूलक कार्यहरू सन्चालन गर्ने, गराउने,
- पुनर्स्थापना एवं पुनर्निर्माण कार्य सन्चालन गर्ने र विपद् अल्पीकरण एवं न्यूनीकरण सम्बन्धी प्रविधिहरूको प्रयोग गर्ने, गराउने,
- विभिन्न निकायहरूबाट गरिने पुनर्स्थापना, पुनर्निर्माण एवं पुनरुत्थानका कार्यहरूलाई समन्वय गर्ने संयन्त्रको विकास गरी तदनुरूप कार्यान्वयन गर्ने, गराउने,
- पुनर्स्थापना एवं पुनर्निर्माण कार्यमा गैरसरकारी संस्था, निजीक्षेत्र एवं जनसमुदायलाई उपयुक्तता अनुसार अधिकतम रूपमा संलग्न गराउने एवं सामुदायिक अवधारणालाई प्राथमिकता दिने, दिन लगाउने,
- सहुलियतपूर्ण ऋण, अनुदान तथा अन्य सहयोग प्रदान गर्ने, गर्न लगाउने र यसरी सहयोग प्रदान गर्दा गरिब, महिला, ज्येष्ठ नागरिक तथा पिछडिएको वर्गलाई प्राथमिकता दिने व्यवस्था मिलाउने,
- पर्याप्त बजेट तथा अन्य साधन स्रोतको व्यवस्था गर्ने, गराउने,
- विपद्बाट असर परेका व्यक्तिहरूका लागि गरिने मनोसामाजिक परामर्श सहयोग गर्ने लगायतका अन्य सम्पूर्ण कार्यहरू गर्ने, गराउने,
- पुनर्स्थापना, पुनर्निर्माण एवं पुनरुत्थान सम्बन्धी अन्य सम्पूर्ण कार्यहरू गर्ने ।

# खण्ड (घ )

**दमकल, एम्बुलेन्स र शबबाहन सञ्चालन :**

३) **काठमाडौ महानगरपालिाको स्वामित्वमा रहेको जुद्ध बारुण यन्त्रलाई प्रभावकारी सञ्चालन गर्न देहायको कार्य गरिनेछ ।**

**३.१ आगलागि नियन्त्रण** : शहरको केन्द्रमा रहेको जुद्ध बारुण यन्त्रलाई घना बस्ती बिकास भईरहेका स्थानमा विस्तार गर्दै लगिनेछ । काठमाडौ महानगर क्षेत्र भित्र पाँच स्थानमा दमकल केन्द्र स्थापना गरिनेछ ।

**३.२ दमकलको संख्या थप** : विपद् व्यवस्थापन कोषको रकम वा नेपाल सरकारको अनुदान सहयोग वा दातृ निकायको सहयोग वा बैदेशिक सहयोग मार्फत दमकलको संख्या दश हजार घर बराबर एक दमकलको व्यवस्था गरिनेछ ।

३.३ दमकल सञ्चालनमा खटिएका कर्मचारीलाई विपद् कार्य सम्बन्धि तालीम दिईनेछ ।

३.४ आगलागि छिटो नियन्त्रण गर्न खानेपानी आपुर्ति गर्ने व्यवसायीहरुको सञ्जाल निर्माण गरी पानीको आपुर्ति ब्यवस्था मिलाईनेछ । यस कार्यमा दमकल कार्यालयलाई विपद् ब्यवस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभागले सहयोग गर्नेछ ।

**३.५** जुद्ध बारुण यन्त्र र अन्तर्गतका दमकल केन्द्रहरु यस संग सम्बन्धित देहायका कार्यकालागि विपद् ब्यवस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभाग अन्तर्गत रही कार्य गर्ने छन ।

क) बारुण यन्त्र तथा अन्य उपकरण प्राप्ति र  खरिद

ख) जनशक्ति विकास तथा क्षमता विकास तालीम र अध्ययन अबलोकन भ्रमण

ग) कार्यक्रम तथा कार्य योजना निर्माण र

घ) जनचेतना मुलक कार्य र स्वंयम सेवक निर्माण तथा परिचालन ।

**३.६ एम्बुलेन्स तथा शब बाहन सेवा :**

**क**) काठमाडौ  महानगरपालिकाले यस क्षेत्र भित्र विभिन्न निकाय तथा संस्थाको स्वामित्वमा रहेका एम्बुलेन्स तथा शब बाहन सञ्चालक त्यस्ता निकाय संग सहकार्य गरी एक सञ्जालको निर्माण गर्दै आम नागरिकमा सर्व सुलभ सेवा प्रवाह गरिनेछ ।

**ख**) यस सेवा सञ्चालनको खर्च त्यस्ता संस्था संगको सहकार्यमा निर्धारण गरिनेछ । यस सम्बन्धि कार्य विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समितिले गर्नेछ ।

**२.७ जुद्ध बारुण यन्त्र कार्यलय र दमकल केन्द्रको कार्य विवरणहरु :**

१) बारुण यन्त्र जुन सुकै समयमा कार्यन्वयनमा आउन सक्ने गरी तयारी अबस्थामा राख्ने ।

२) मर्मत सम्भार गर्नु पर्ने बारुण यन्त्र समयमै मर्मत गरी दुरुस्त अबस्थामा राख्ने ।

३) आगलागि नियन्त्रण क्रममा आबश्यक पर्ने पानी, भत्र्याङ, पाइप लगायतका सामानहरु आबश्यक मात्रामा सञ्चालनमा आउने अबस्थामा राख्ने र अतिरिक्त समेतको व्यवस्था गरी रहने ।

४) आगलागि नियन्त्रणमा खटिने कर्मचारीको सुरक्षा हेतु प्रयोग हुने सुरक्षात्मक सामानहरुको पर्याप्त जोहो गर्ने र प्रयागमा ल्याउने ।

५) शहरमा विभिन्न पाँच स्थानमा दमकल केन्द्र स्थापना गर्ने र सञ्चालनमा ल्याउने ।

६) भष्यिमा आबश्यक पर्ने दमकल तथा सो लाई आबश्यक पर्ने सम्पुर्ण सामाग्रिहरुको अनुमानित आकलन गरी खरिद कार्य योजना तयार गरी पेश गर्ने ।

७) दमकलकालागि पर्याप्त पानीको व्यवस्थ ागर्ने ।

## खण्ड ( ङ )

### विपद व्यवस्थापन तथा नागरिक सुरक्षा शाखा/महाशाखा/विभागको कार्य विबरण

- डकर्मी तालिम जनचेतनामूलक कार्यक्रम  सम्वन्धी कार्य गर्ने ।
- जोखिम क्षेत्र पहिचान गरि सामाजिक परिचालन सम्वन्धि कार्य गर्ने ।
- पूर्व तयारी र जोखिम न्यूनिकरण सम्वन्धि कार्यक्रमलाई प्राथमिकता दिई कार्य गर्ने ।
- भवन निर्माण आचार संहिता पालना नगरी निर्माण गरेका भवनमा सो भवन सम्बन्धि विवरण सहित असुरक्षित भवन वा मापदण्ड विपरित निर्मित भवन लेखिएको परिचय पाटी राख्ने ।
- भुकम्प प्रतिरोधी भवन निर्माण संहिताको कार्यान्वयन गर्ने ।
- भूकम्प स्मृति दिवस/ प्रत्येक वर्ष माघ २ गते कार्यक्रम सहित जनचेतना अभिवृद्धिमुखि कार्यक्रम संचालन गर्ने ।
- Risk Sensitive Land Use Plan तयार गर्ने ।
- Emergency Operation Plan तयार गर्ने ।
- काठमाडौं महानगरपालिका अन्तर्गतका विभाग/महाशाखा/शाखाहरुले विपदका समयमा गर्नुपर्ने कार्यहरु र जिम्मेवारीहरु तोकिएको आकस्मिक कार्य योजना तयार गर्ने ।
- भौगोलिक सूचना प्रणालीको विकास गर्ने ।
- भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धि अनुगमन तथा प्रोत्साहन सम्वन्धि कार्य गर्ने ।
- उद्धार कार्य तालीम सञ्चालन गर्ने ।
- वारुण यन्त्र संचालन गर्ने, वारुण यन्त्र थप गरि संचालनमा ल्याउने ।
- विपद जोखिम न्यूनिकरण सम्बन्धि वार्षिक कार्य योजना तयार गरी कार्यन्वयन गर्ने ।

- वडा स्तरी विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समिति गठन गर्ने । समितिको कार्यहरुको नियमित अनुगमन गर्ने तथा प्रतिबेदन दिने । यस निर्देशिकाको व्यवस्था विपरित कार्य गर्ने समिति भंग गरी तीन महिना भित्र अर्को समितिको निर्वाचन गर्ने ।

- भूकम्प प्रतिरोद भवनको नमूना विभिन्न वडा, सार्वजनिक स्थान विष्णुमति लिंक रोड किनार, बागमती किनार लगायतका स्थानमा राख्ने ।

- एम्बुलेन्स तथा सेवा संचालन गर्ने निकाय वा संस्थाहरुको सञ्जाल निर्माण गर्ने र प्रभावकारी सेवा सञ्चालन गर्न सहयोग गर्ने ।

- खुल्ला क्षेत्र संरक्षणकालागि स्थानिय वासिन्दाहरुलाई संलग्न गराई कार्य गर्ने ।

- महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समितिको कार्य विवरण अन्तर्गत गरेको निर्णय कार्यन्वयन गर्ने र सचिवालय सम्बन्धि कार्य गर्ने ।

- महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समितिको कार्य विवरण अन्तर्गतका कार्यहरुको कार्य योजना निर्माण गरी पेश गर्ने, स्वीकृत कार्यक्रम कार्यन्वयन गर्ने , अनुगमन र प्रगति प्रतिबेदन पेश गर्ने ।

## अनुसुचि १

जोखिम विश्लेषण सुचक

महानगर विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समितिले देहायको जोखिम क्षेत्रको विश्लेषण गर्नेछ ।

उक्त विश्लेषित सुचकहरु यस अनुसुचिमा सुचिकृत हुनेछन । सुचक विभिन्न साभ्फेदारहरुको संलग्नतामा तयार गरिनेछ ।

<u>देहाय :</u>

१) भवन :

a. Structure design,
b. Fire escap
c. Building material
d.

२) भौतिक पुर्वाधार

**<u>Utility</u>**

a. Road standrad
b. Drain
c. Water supply

**<u>Epedemic</u>**

a. urban disecese, Cholerc-Jandis etc.

**Draught**

a. Water etc.

**Fire**

a Man made structure, b Squater, c slams,

d Gasstrotions, e petroleum , f अग्नि जन्य बस्तु तथा पदार्थ

# अनुसुचि २

## विपद्सम्बन्धी अङ्ग्रेजी-नेपाली पारिभाषिक शब्दावली

## (English-Nepali Vocabulary of Disaster Terms)

| क्र. सं. | अंग्रेजी शब्द | प्राविधिक शब्द निक्यौंल गरिएको नेपाली शब्द |
|---|---|---|
| 1. | Acceptable Risk | स्वीकार्य जोखिम |
| 2. | Adverse Condition | विपरित अवस्था |
| 3. | After shocks | परकम्प |
| 4. | Building code | भवन निर्माण संहिता |
| 5. | Capacity | क्षमता |
| 6. | Capacity analysis | क्षमताको विश्लेषण |
| 7. | Capacity Development | क्षमता अभिवृद्धि |
| 8. | Coping Capacity | सामना क्षमता |
| 9. | Cost Benefit Ratio | लागत प्रतिफल अनुपात |
| 10. | Counter measures | रोकथामका उपायहरु |
| 11. | Danger | खतरा |
| 12. | Degradation | ह्रास |
| 13. | Desertification | मरुभूमिकरण |
| 14. | Disaster | विपद् |
| 15. | Disaster Mitigation | विपद् अल्पीकरण |
| 16. | Disaster Risk Management | विपद् जोखिम व्यवस्थापन |
| 17. | Disaster Risk Reduction | विपद् जोखिम न्यूनीकरण |
| 18. | Duck, Cover and Hold | घंडु ा टेक गंडु ु क, ओत लाग समात |
| 19. | Early warnings | पूर्वचेतावनी |
| 20. | Earthquake “Go Bag" | “झटपट झोला” |
| 21. | Ecological | पारिस्थितिक, पारिस्थितिकी |
| 22. | Emergency | आपतकाल |
| 23. | Emergency Management | आपतकालीन व्यवस्थापन |
| 24. | Environmental Degradation | वातावरणीय ह्रास |
| 25. | Exposure | सम्मुखता |
| 26. | Fore Shocks/ Pre-shocks | पूर्वकम्प |
| 27. | Forecast | पूर्वानुमान |
| 28. | Geographic information systems (GIS) | भौगोलिक सूचना प्रणाली |
| 29. | Geological hazard | भौगर्भिक प्रकोप |
| | Hazard | प्रकोप |
| 30. | Hazard Risk | प्रकोप जोखिम |
| 31. | Infrared rays | अल्परक्त किरण |

| | | |
|---|---|---|
| 32. | Intensity | तीव्रता |
| 33. | Land use Planning | भू-उपयोग योजना |
| 34. | Mitigation | अल्पीकरण |
| 35. | Need | आवश्यकता |
| 36. | Needs Assessment | आवश्यकताको पहिचान |
| 37. | Non-structural | गैर-रचनात्मक |
| 38. | Oscillation | दोलन |
| 39. | Prediction | पूर्वानुमान |
| 40. | Preparedness | पूर्वतयारी |
| 41. | Prevention | रोकथाम |
| 42. | Public awareness | जनचेतना |
| 43. | Recovery | पुनर्लाभ |
| 44. | Reduction | न्यूनीकरण |
| 45. | Reinforcement of structures | संरचनाको पुनः दृढीकरण |
| 46. | Reinforcing | सबलीकरण |
| 47. | Relief | राहत |
| 48. | Resilience / Resilient | उत्थानशीलता, उत्थानशील |
| 49. | Resistant/Resistance | प्रतिरोधी, प्रतिरोध |
| 50. | Response | प्रतिकार्य |
| 51. | Retrofitting | प्रबलीकरण |
| 52. | Risk | जोखिम |
| 53. | Risk Analysis | जोखिम विश्लेषण |
| 54. | Risk identification and Assessment | जोखिम पहिचान तथा लेखाजोखा |
| 55. | Risk Mitigation | जोखिम अल्पीकरण |
| 56. | Shaking Table | कम्पन मञ्च |
| 57. | Social and Economic Disruption | सामाजिक, आर्थिक अपक्रम |
| 58. | Structural | संरचनात्मक |
| 59. | Sustainable Development | दीगो विकास |
| 60. | Technological hazards | प्रौद्योगिक प्रकोप |
| 61. | Vulnerability, Vulnerable | संकटासन्नता, संकटासन्न |
| 62. | Vulnerable Section | संकटासन्न समूह |